श्री

# बाजुरा जिल्ला अदालत

## मार्तडी, बाजुरा

☎ ०९७-५४१०१६
🖷 ०९७-५४१०१६

प.सं.२०७६/०७७ मिति: २०७७।०२।३०
च.न. ७७९

## सूचना ! सूचना !! सूचना !!

### विषयः- वैतनिक कानून व्यवसायी नियुक्ति सम्बन्धमा ।

यस अदालतमा कानूनी सहायत प्राप्त गर्न नसक्ने असहाय, असक्षम, नाबालक, आर्थिक रुपले विपन्न एवं कानून व्यवसायी राख्न नसक्ने थुनुवा भएका मुद्दाहरुमा थुनुवाहरुलाई समेत निशुल्क कानूनी सहायता उपलब्ध गराउनको लागि जिल्ला अदालत नियमावली २०७५ को नियम, १०१ बमोजिम नियक्ति हुन भएका वैतनीक कानून व्यवसायीको पदावधी मिति २०७७ असार मसान्तवाट समाप्त हुने भएको कारण एक जना वैतनिक कानून व्यवसायीको आवश्यकता पर्ने भएकोले इच्छुक कानून व्यसायीहरुवाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशन गरिएको छ । इच्छुक कानून व्यवसायीहरुले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र देहायमा उल्लिखित कागजताहरुको प्रतिलिपि संलग्न राखी यस अदालतको प्रशासन शाखामा दरखास्त दिनु हुन सम्बन्धीत सबै कानून व्यवसायीहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । रीत नपुगेको र म्याद नाघी आएको दरखास्त उपर कुनै कारबाही हुने छैन । अन्य जानकारीको लागि यस अदालतको **Website:- www.supremecourt.gov.np/court/bajuradc** अथवा प्रशासन शाखामा सम्पर्क राख्नुहोला।

तपसीलः-

१. पदः- वैतनिक कानून व्यवसायी
२. पद संख्यः- १(एक)
३. मासिक पारिश्रमिकः- तोकिएबमोजिम
४. निवेदन दस्तुरः- रु.१०/- (दश)
५. संलग्न कागजातहरुः-
   (क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
   (ख) आफुले हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
   (ग) कानून व्यवसायी प्रमाणपत्रको प्रतिलिपि ।
६. छनौटको किसिमः- अन्तर्वाता र तोकिएका अन्य आधारमा हुने ।
७. दरखास्त दिने स्थानः- वाजुरा जिल्ला अदालत, प्रशासन शाखा ।

(नोटः- सम्पर्क मितिः- दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट)

२०७७/०२/३०
(भोलीराज रेग्मी)
स्रेस्तेदार

EmailM– info.dcbajura@supremecourt.gov.np